# Medicaid ले डोउला सेवा समेट्छ
# के डोउला तपाईंको लागि सही हुन्छ?







## डोउला के हो?

- डोउलाले गर्भवती र सुत्केरी भएका महिलाहरूलाई गर्भावस्थाको समयमा, सुत्केरी हुँदा र सुत्केरीपछिको समयमा (वा गर्भावस्थाको अन्त्यसम्म) शारीरिक, भावनात्मक, शैक्षिक एवं गैर-मेडिकल सहयोग प्रदान गर्छन्।
- डोउलाको सहयोगले लाइसेन्स प्राप्त स्वास्थ्यकर्मीबाट प्राप्त हुने मेडिकल सेवालाई प्रतिस्थापन गर्नु हुँदैन।

## डोउलाले के-कस्ता सेवा प्रदान गर्छन्?

डोउला सेवामा निम्न कुराहरू पर्न सक्छन्:

- जन्म योजनाको विकास;
- गर्भावस्थाको बेलामा निरन्तर सहायता;
- सुत्केरी अवस्थामा निरन्तर प्रशव सम्बन्धी सहायता;
- गर्भावस्था, जन्म र प्रारम्भिक अभिभावकत्व सम्बन्धी शिक्षा र सूचना;
- तपाईं र तपाईंको मेडिकल प्रदायकहरूका बिचमा सञ्चार कार्यमा सहयोग गर्ने, र;
- समुदायमा आधारित बच्चाको जन्म र अभिभावकत्व सम्बन्धी स्रोतहरूमा जोड्ने।

## के म डोउला सेवाका लागि योग्य छु?

- यदि तपाईं न्युयोर्क स्टेट Medicaid सदस्य हो भने तपाईंले हरेक गर्भावस्थाको समयमा डोउला सेवा प्राप्त गर्न योग्य हुनुहुन्छ।
- गर्भावस्थाको समाप्ति जुनसुकै रूपमा भए पनि तपाईंले गर्भावस्थामा र गर्भावस्थापछिको अवधिमा अधिकतम 8 पटकसम्म डोउलाको सेवा पाउन सक्नु हुन्छ।
- तपाईंले गर्भावस्था समाप्त भएको 12 महिनासम्म डोउलाको सहयोग प्राप्त गर्नुहुन्छ।

## मलाई डोउला सेवाको खर्च कति लाग्छ?

- Medicaid मा भर्ना भएका डोउलाहरूद्वारा प्रदान गरिने डोउला सेवा नि:शुल्क हुन्छ।

---

**डोउला सेवा लाभ सम्बन्धी थप जानकारी यहाँबाट पाउनुहोस्:**
**health.ny.gov/doula**

NEW YORK STATE | Department of Health
Medicaid